# कर्मचारी आवश्यकता सम्वन्धी सूचना

स्ट्रीट चाइल्ड अफ नेपाल (Street Child of Nepal- SCoN) को आर्थिक र प्राविधिक सहयोग तथा यस चौकुने गाँउपालिका सुर्खेत, त्रिवेणी र कपुरकोट गाँउपालिका सल्याको समन्वयमा आसमान नेपालद्धारा संचालन गरिएको (Build the Basics (BTB): Improving Foundational Learning to Close the Learning Gap) परियोजना अन्तरगत तल उल्लेखित पदमा योग्य नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरीएको छ।

**विवरण :**

| | |
|---|---|
| **पद :** | **सिकाई सल्लाहकार (Teaching Learning Mentor)** |
| **माग संख्या :** | चौकुने गाँउपालिका, सुर्खेत (१ जना) कपुरकोट गाँउपालिका सल्यान (१ जना) र त्रिवेणी गाँउपालिका सल्यान (१ जना) |
| **कार्यक्षेत्र :** | चौकुने, कपुरकोट र त्रिवेणीको सम्वन्धीत गाँउपालिका भित्र। |
| **न्यूनतम योग्यता:** | शिक्षा बिषय लिएर १०+२ वा सोसरह अध्ययन गरी कम्तिमा २ बर्ष विशेष गरी शिक्षा परियोजनामा बालिका तथा समावेशी शिक्षा कार्यक्रमहरुको कार्य अनुभव भएको। |
| **उमेर हद :** | कामको प्रकृति अनुसार २१ देखि ४५ बर्ष सम्मका उम्मेदवारहरुले मात्र माथिको पदका लागि आवेदन दिन योग्य हुनेछन्। |

**कार्य जिम्मेवारी :**

**तोकिएको पालिका अन्तर्गतका विद्यालयहरुमा नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मंत्रालयले कार्यान्वयनमा ल्याएको Real plan को उद्देश्यहरु परिपुर्ति गर्न देहायका काम गर्ने गराउने।**

- Real plan अन्तर्गतका शैक्षिक दृष्टिकोण अनुसार Teaching at the Right Level (TaRL) शिक्षण विधि र पाठ्यक्रम ढाँचा बारे गहिरो बुझाई राखि विद्यालय तथा पालिका स्तरमा कार्यक्रम अभिमुखिकरणका लागि सहयोग गर्ने।
- विद्यार्थीहरुको नियमित सिकाई स्तर मुल्यांकन गर्न र नतिजाको विश्लेषण गरि कमीकमजोरी पहिल्याउन र सिकाई स्तर अनुसारको समूह विभाजन गरि उचित शैक्षणिक गतिविधि र शैक्षिक सामग्रीहरु प्रयोग गरी उपचारात्मक कक्षा संचालन गर्न सहयोग गर्ने।
- TaRL निर्देशिकासँगै राष्ट्रिय पाठ्यक्रम सहितको वृहत पाठ योजनाहरु निर्माण गरि कक्षाकोठाको व्यवस्थापन र शिक्षण सिकाई अभ्यास गर्न र विद्यार्थीहरुको संलग्नतामा स्तर मापन कार्यमा सहयोग गर्ने।
- शिक्षकहरुलाई प्रभावकारी शिक्षण रणनीति, विधि, निर्देशात्मक स्रोत, आवश्यक सामग्रीहरु, शिक्षण सीप र नविन विद्यार्थी केन्द्रित शिक्षण अभ्यासहरु लागु गर्न मद्दत गर्ने।
- शिक्षकहरुलाई रचनात्मक प्रतिकृया, सुधार गर्ने क्षेत्र तोक्नुको साथै सुधारका रणनीति, शिक्षकहरु बिचको सहकार्यलाई बढावा दिने, उत्कृष्ट अभ्यास र अनुभवहरुलाई साँझा गर्ने।

- शिक्षकहरुको व्यवसायिक विकासका आवश्यकताहरु पहिचान गरि शिक्षक विकासका विद्यालय प्रशासक, शिक्षा अधिकारी र स्थानीय पालिकाको सहयोगमा प्रशिक्षण, गोष्ठि, कार्यशाला तथा अन्तरकृया संचालन गर्न सहयोग गर्ने ।
- विद्यालय, समुदाय र अन्य सरोकारवालाहरुसँग नियमित बैठक, अन्तरकृया र प्रशिक्षण मार्फत कार्यक्रम तथा कृयाकलापहरुको बारेमा जानकारी अदान–प्रदान गर्ने ।
- नेपाल सरकार शिक्षा बिज्ञान तथा प्रविधि मन्त्रालयको ReAL Plan मा उल्लेखित Diagnostic Tool को प्रयोग गर्न र विद्यार्थीहरुमा आएको सिकाई उपलब्धीको तथ्यांकहरु शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा अभिलेख व्यवस्थापन गर्न सहयोग गर्ने ।
- TaRL Instructor सँग विभिन्न कृयाकलापको प्रगति, समस्या र चुनौती जानकारी गराउनुको साथै कार्यक्रमको प्रगती प्रतिवेदन तयार गरि उपलब्ध गराउने ।
- पालिका तथा संस्थाले समय–समयमा तोकि दिएको अन्य कार्य गर्ने ।

| | |
|---|---|
| **परिक्षाको किसिम :** | लिखित र अन्तरवार्ता । |
| **दरखास्त दिने अम्तिम मिति :** | **२०८० असोज २२ गते साझ ५ वजे सम्म (तदानुसार ९ अक्टुवर २०२३)** |
| **दरखास्त दिने ठेगाना :** | चौकुने, कपुरकोट र त्रिवेणी गाँउकार्यपालिकाको कर्यालय सुर्खेत र सल्यान । दरखास्त दिदा आफ्नो वायोडाटा र निवेदन अनीवार्य पेश गर्नु पर्ने छ । |
| **सेवा तथा सुविधा :** | संस्थाको नियमानुसार हुने छ । |
| **अन्य विशेषताहरु:** | कामको उत्कृष्ट गुणस्तर र उच्च मापदण्ड प्रति प्रतिबद्धता, बलियो संचारकौशल, टोली निर्माण र इच्छाशक्ति, राम्रो सेवा प्रदान गर्न बलियो संजाल, पारस्परिक सीप, तनाव र आपतकालिन अवस्थामा सहज र राम्रो सेवा प्रदान गर्न उत्प्रेरित गर्ने । |

आसमान नेपाल जोखिममा रहेका नागरिक र बालबालिकाको शोषण र दुरव्यवहार प्रति शुन्य सहनशीलता कायम गरेको छ । हामी हाम्रा सबै कर्मचारी अथवा स्वयंसेवकहरुले बालबालिका, युवा र जोखिममा रहेका वयस्कहरुलाई हानि हुनबाट जोगाउन र हाम्रो सुरक्षा नीतिको पालना गर्दैछौ भनी सुनिश्चित गर्ने अपेक्षा गर्दछौं ।

**नोट : कार्यक्रम र यस विषयमा विस्तृत जानकारीका लागि सुर्खेतका लागि सम्पर्क वरखु प्रसाद रजक (प्रमुख प्रशिक्षक) ९८५७०४९५५११ सल्यानका लागि सम्पर्क श्री लक्ष्मण थापा (प्रमुख प्रशिक्षक) ९८५६०१९५९० मा सम्पर्क गर्न सकिने छ ।**